annapurnapost.com

# अन्नपूर्ण पोस्ट

काठमाडौं, मंगलबार २९ माघ २०८१ | मार्ग शुक्लपक्ष चतुर्दशी, नेपाल संवत् ११४५ | TUESDAY, FEBRUARY 11, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




कभर स्टोरी

## विदेश जानुहुन्छ ?

# ठाउँठाउँमा हुने गर्छ मोलमोलाइ

नेपाल सरकारले २०७२ सालदेखि वैदेशिक रोजगारीमा खाडी मुलुक जानेका लागि फ्रि भिसा फ्रि टिकटको व्यवस्था गऱ्यो । तर उक्त व्यवस्था आर्थिक रूपमा विपन्नका लागि नभई पहुँचवाला र रकम तिर्न मञ्जुर हुनेहरूको अधीनमा मात्र रहन पुग्यो । फ्रि भिसा फ्रि टिकटको नारा लगाउने नेतृत्वको चुनाव लक्षित फन्डामात्र बन्यो । झन्डै एक दशकभित्र पनि यसको प्रभावकारी कार्यान्वयन हुन सकेन । फ्रि भिसा फ्रि टिकटमा विदेश उड्ने सपना बोकेर गाउँबाट काठमाडौं छिर्नेहरू गल्लीगल्लीमा महिनौंसम्म भौंतारिन बाध्य छन् । सोझासाझा जनता एजेन्टको जालोमा पर्दा, राज्य भने उदासीन र निरीह देखिन्छ ।

**रामचन्द्र न्यौपाने** | *डोल्पा*

– को रिपोर्ट

समाचार पृष्ठ २

# सेवाप्रवाह नै अवरुद्ध गरी मिलेमतोमा अनियमितता



**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सेवाप्रवाहलाई अवरुद्ध गरी मिलेमतोमा अनियमितता गर्ने प्रवृत्ति बढ्दै गएको छ। जसले गर्दा तोकिएको समयमा काम पूरा नहुने, जिम्मेवारी र जवाफदेहिता कसैले नदिने, सेवा प्रवाहमा बिचौलियाहरू प्रवेशका कारण जनताले दुःख पाइरहेको अवस्था छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले मुलुकमा सुशासन कायम गर्ने सरकारको अगुवाइमा विशेष अभियान सञ्चालन गर्न आवश्यक देखिएको सुझाव दिएका छन्। उनले आवश्यकता र औचित्यताको पहिचान नगरी बजेट विनियोजन गर्ने प्रवृत्ति पनि धेरै रहेको बताए। उनका अनुसार खरिद योजनाबिना नै खरिद कार्य गर्ने, मिलेमतोमा आयोजना छनोट गर्ने, कार्यक्रम नै सम्पन्न नगरी भुक्तानी दिने, अनुदानको दुरुपयोग गर्ने, नागरिक बडापत्रको पालना नगर्ने प्रवृत्ति पनि धेरै छ।

निर्णय नगरी फाइल थन्क्याएर राख्ने परिपाटी पनि छ। नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहसँग सम्बन्धित बजेट विनियोजन, सार्वजनिक खरिद, विकास निर्माण, अनुदान वितरण, सेवा प्रवाह, सार्वजनिक सम्पत्तिको हानिनोक्सानी, घुस/रिसवत् लेनदेन र गैरकानुनी सम्पत्ति आर्जनसँग सम्बन्धित उल्लेख्य संख्यामा उजुरी पर्ने गरेको उनले जानकारी दिए।

» बाँकी पृष्ठ ६

## 'आयोग काम गर्न चुक्ने छैन र झुक्ने छैन'



राष्ट्रपति रामचन्द्र पौडेलले कसैको दबाब वा प्रभावमा नपरी कसुर र कसुरदार ठूलो वा सानो नभनी काम गर्न सुझाव दिएका छन्। उनले आयोग चुक्ने छैन र झुक्ने छैन भन्ने पनि आफूले विश्वास लिएको बताए। सोमबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४ औं दिवसको अवसरमा स्वच्छ, पारदर्शी, जिम्मेवार र भ्रष्टाचारमुक्त राज्य संयन्त्रको निकायका रूपमा आगामी दिनमा आयोगले अझै प्रभावकारी ढंगले काम गर्ने अपेक्षा गरेका छन्।

उनले सुशासन र पारदर्शिताबिना लोकतन्त्रको प्रतिफल जनताको घरदैलोमा पुऱ्याउन नसकिने बताएका छन्। सरकारले भ्रष्टाचार नियन्त्रणसम्बन्धी नियामक निकायलाई समयसापेक्ष कानुन, दक्ष जनशक्ति र आधुनिक स्रोतसाधनसहित थप अधिकारसम्पन्न बनाई भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिलाई अवलम्बन गर्दै आएको पनि उनले बताए।

» बाँकी पृष्ठ ६

